# स्थानीय राजपत्र

## इन्द्रसरोवर गाउँपालिका द्धारा प्रकाशित

| खण्ड ५ | संख्या १४ | मिति २०७८/९/१४ |
|---|---|---|


# इन्द्रसरोवर गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७८

कार्यपालिका स्वीकृत मिति २०७८/०९/०८ गते

**प्रस्तावनाः** इन्द्रसरोवर गाउँपालिका भित्र, खासगरी स्वास्थ्य सेवाका पहुँचबाट टाढा रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सर्व सुलभ पहुँच पुऱ्याउनका लागि एम्बुलेन्स सेवा सञ्चालनलाई पारदर्शी, सरल, भरपर्दो र पहुँच बढाई स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) का अधिकार प्रयोग गरी इन्द्रसरोवर गाउँ कार्यपालिकाले यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद-१ (एक)

**१. संक्षिप्त नाम र प्रारम्भ** : क) यो निर्देशिकाको नाम "एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका २०७८" रहने छ ।

ख) यो निर्देशिक गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिबाट लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ लागेमा यस निर्देशिकामाः

क) "एम्बुलेन्स" भन्नाले बिरामी ओसार्ने स्वीकृत प्राप्त गरेको वाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ ।

ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ।

ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ ।

घ) "गाउँपालिका" भन्नाले इन्द्रसरोवर गाउँपालिकालाई सम्झनु पर्छ ।

ङ) "सेवा शुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरे वापत सेवाग्राहीले बुझाउनु पर्ने गरी गाउँपालिकाको आर्थिक ऐनले तोकेको शुल्क सम्झनु पर्छ ।

च) "सेवा" भन्नाले एम्बुलेन्सले विरामीलाई दिने सम्पूर्ण सेवा सम्झनु पर्छ ।

**३. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिः**

१. एम्बुलेन्स सेवा सञ्चालनमा व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायका पदाधिकारीहरु रहेको एक गाउँ एम्बुलेन्स व्यवस्थापन तथा अनुगमन समिति रहनेछ ।

क. गाउँपालिका अध्यक्ष - संयोजक

ख. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - सदस्य

ग. स्वास्थ्य शाखा प्रमुख - सदस्य

घ. कार्यपालिका सदस्यहरु मध्ये महिला, दलित वा अल्पसङ्ख्यक समेतको प्रतिनिधित्व हुनेगरी कार्यपालिकाले चयन गरेको **२ जना** - सदस्य

**४. एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समितिः**

१. गाउँपालिकाले खरिद गरी आफैले सञ्चालन गर्ने हकमा देहायको एक एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समिति रहनेछः

क) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक - संयोजक

ख) स्वास्थ्य शाखा प्रमुख वा - सदस्य

ग) महिला तथा बालबालिका इकाई प्रमुख - सदस्य

घ) शिक्षा शाखा प्रमुख - सदस्य

ङ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य सचिव

२. गाउँपालिका आफैले खरिद गरी वा गाउँपालिकाको अनुदानमा खरिद भएको एम्बुलेन्स उपदफा (१) बमोजिम गाउँपालिका आफैले सञ्चालन नगरी कुनै सङ्घसंस्थालाई हस्तान्तरण गरेमा सोको सञ्चालन सोही संस्थाको व्यवस्थापन/कार्य समितिले सञ्चालन तथा व्यवस्थापन समितिको कार्य गर्नेछ ।

३. उपदफा (२) बमोजिम कुनै सङसंस्थालाई हस्तान्तरण भएमा सो संस्था सँग गाउँपालिकाले आवश्यक सम्झौता गरी हस्तान्तरण गर्नेछ ।

४. उपदफा (१) वा (२) बमोजिमको सञ्चालन तथा व्यवस्थापन समितिका कुल सदस्य सङ्ख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

५. समितिका बैठक आवश्यकता अनुसार बस्नेछ। समितिका बैठक भत्ता कार्यसंचालन कार्यविधिले निर्धारण गरे बमोजिम हुनेछ ।

६. समितिका बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**५. समितिका काम, कर्तव्य र अधिकारः** (१) समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागु गराउने । यस निर्देशिका अनुसार आचारसंहिता पालना नगर्ने चालकलाई चेतावनी

दिई आचारसंहिता पालना गर्न लगाउने । बारम्बार आचरण उल्लङ्घन गरेमा आवश्यकता अनुसार करार सम्झौता रद्ध गर्ने ।

ग) एम्बुलेन्स सेवा संचालनका क्रममा कुनै गुनासो तथा उजुरी पर्न समितिका सदस्यहरु मध्येबाट १ जना गुनासो सुन्ने अधिकारी तोक्न सकिनेछ ।

घ) जिल्लास्तरमा एम्बुलेन्स सम्बन्धी दररेट निर्धारण गर्ने निकायको सिफारिस बमोजिम आवश्यकता अनुसार परिमार्जन गर्ने ।

ङ) सरोकारवाला तथा अन्य सङ्गसंस्थाहरु बिच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने ।

च) गाउँपालिकाका विशिष्टतालाई ध्यानमा राखी एम्बुलेन्स सेवा सञ्चालनका लागि आवश्यक थप मापदण्ड बनाउने ।

छ) चालकले अनुसूची (१)बमोजिम सेवा शुल्क लिई बैङ्कमा दाखिला गरे नगरेको समय समयमा निरिक्षण गर्ने ।

२. समितिका सदस्य सचिवले सेवा प्रवाहको स्थितिका अद्यावधिक विवरण समितिमा छलफल भै प्रत्येक वर्षका जेष्ठ मसान्तमा गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

३. इन्द्रसरोवर गाउँपालिका अन्तर्गत बसोबास गर्ने सेवाग्राही, गाउँ कार्यपालिकामा कार्यरत कर्मचारीहरूलाई विशेष छुट दिने/नदिने निर्णय गर्नेछ ।

**६. सेवा शुल्क सम्बन्धी व्यवस्थाः**

१. एम्बुलेन्स सेवा प्रयोग गरेवापत सम्बन्धित सेवाग्राहीले अनुसूची १ मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कका रुपमा बुझाउनु पर्नेछ ।

२. एम्बुलेन्स सेवा वापत उठेको रकम दफा ३ को उपदफा (१) बमोजिम सञ्चालन हुने भएमा गाउँपालिकाले र उपदफा (२)

बमोजिम सञ्चालन हुने भएमा जुन संस्थालाई हस्तान्तरण गरिएको हो सोहि संस्थाले एक अलग बैङ्क खाता/कोष खडा गरी त्यसमा जम्मा गर्नेछ ।

३. सेवा दिए वापत लिइने सेवा शुल्क नगदी रसिद काटी बैङ्क खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ ।

४. चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसूची २ बमोजिम हुनेछ ।

५. चालकलाई सञ्चालक समितिको निर्णयले थप अन्य सुविधा उपलब्ध गराउन सक्नेछ ।

६. चालकले एम्बुलेन्स सेवा संचालन गरेको दिनमा खाना खाजा वापत रु. ५००।- प्रतिदिन एकमुष्ठ उपलब्ध गराइनेछ ।

**८. एम्बुलेन्स रहने स्थान र सोको मर्मत संभारः**

१. दफा ४ को उपदफा १ बमोजिम सञ्चालन बमोजिम सञ्चालन हुने एम्बुलेन्सको हकमा इन्द्रसरोवर गाउँपालिका वडा नं. २ मा रहेको कुलेखानी स्वास्थ्य चौकीमा र दफा ४ को उपदफा २ बमोजिम सञ्चालन हुने एम्बुलेन्सको हकमा सम्बन्धित संस्थाको हातामा रहनेछ।

२. एम्बुलेन्सको नियमित मर्मत संभार गर्ने जिम्मेवारी चालकको हुनेछ र मर्मत गर्नु पर्ने भएमा बढीमा महिनाको रु ५०००/- सम्मको इस्टिमेट अनुसारको मर्मत दफा ४ को उपदफा (१) वा (२) बमोजिमको समितिको निर्णयानुसार हुनेछ। सो भन्दा बढीको मर्मत भएमा उक्त समितिको सिफारिसमा दफा ३ को समितिले निर्णय गरे बमोजिम हुनेछ।

३. एम्बुलेन्स चालु अवस्थामा राख्ने जिम्मेवारी चालकको हुनेछ ।

**९. विविधः**

१. एम्बुलेन्समा रहेको न्यूनतम सेवा सुविधा तथा औषधिका विवरण अनुसूची (३) बमोजिम हुनेछ।

२. एम्बुलेन्समा सवार बिरामी, बिरामीको आफन्त तथा स्वास्थ्यकर्मीका विमाको दायित्व सेवाग्राही स्वयंको हुनेछ ।

३. यस निर्देशिकामा आवश्यकता अनुसार संशोधन गाउँकार्यपालिकाले गर्नेछ ।

# अनुसूची-१

(निर्देशिकाको दफा ५ सँग सम्बन्धित सेवा शुल्क सम्बन्धी दररेट)

| सि.नं. | स्थान देखि | स्थान सम्म | स्वीकृत दररेट | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

एम्बुलेन्सको सेवा शुल्क गाउँपालिकाको आर्थिक ऐनमा भएको शुल्कको माग फारम भरी विरामी लैजानु अगावै कार्यालयमा बुझाउनु पर्नेछ ।

# अनुसूची-२

(निर्देशिकाको दफा ७ को उपदफा (४) सँग सम्बन्धित)

## एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

1. एम्बुलेन्स सञ्चालन निर्देशिका, २०७८ लाई पुर्णतः पालना गर्नुपर्ने,
2. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वसनियता कायम गर्दै आफ्नो पेशाका मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,
3. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने,
4. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामी परिवारलाई सधैं सम्मान पूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,
5. आफैंले लिएका निर्णयहरुमा आफ्नो व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,
6. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुको साथ आफैंमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,
7. कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसका बारेमा प्रयाप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,
8. बिरामीलाई बिच बाटोमा अलपत्र हुने गरी छाड्न नहुने,
9. आफ्नो कामको सिलसिलामा पाएको कुनै सुचना गोप्य राख्नुपर्ने तथा बिरामीहरुबाट पाएको जानकारी तेश्रो पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सुचना बारेमा जानकारी दिन सक्ने,
10. अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मदत पुऱ्याउनु पर्ने,

11. आफुले उचित देखेको बिरामीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रो पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,
12. नेपाल सरकारले प्रतिबन्ध लगाएका वस्तुहरु ओसार पसार नगर्ने। प्रचलित कानूनको पालना गर्नुपर्ने र त्यस्तो गरेमा नेपाल सरकारको ऐन नियमानुसार स्वयं सजायको भागेदारी हुनेछ।

म.................................................

ठेगाना................................................ ना.प्र.प.नं ............ जारी मिति.................... जिल्ला, ड्राइभिङ लाइसेन्स नं. ........................... जारी मिति..........................ले माथिको उल्लखित आचार संहिता अध्ययन गरेको छु। इन्द्रसरोवर गाउँपालिकाको एम्बुलेन्स चलाउँदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

| <u>चालकको</u> | <u>रोहवरमा प्रमाणित गर्ने व्यक्तिको:</u> |
|---|---|
| दस्तखत: | दस्तखतः |
| नामः | नामः |
| मितिः | मितिः |
| | कार्यालयको छापः |

**अनुसूची-३**
**(निर्देशिकाको दफा ९ को उपदफा (१) सँग सम्बन्धित)**
**"ग" वर्गको (common life support) एम्बुलेन्समा हुनुपर्ने औषधि र उपकरणको विवरण**

- First Aid का सामानहरु,
- Oxygen Cylinder, Follow Meter/Mask जडित वा जरुरी परेमा राख्न सकिने सवारी साधन,
- IV Injection दिन सक्ने व्यवस्था,
- Stretcher Cum Board,
- Stethoscope, BP Apparatus, Torchlight

आज्ञाले
बलराम लम्साल
प्रमुख प्रशासकीय अधिकृत

इन्द्रसरोवर गाउँपालिका मकवानपुरको एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७८

**मुल्य रु१०.**